**कोरोना भाइरससम्बन्धी कर्णाली प्रदेशको अवस्था**
**सुर्खेत । ०७७ वैशाख १७ गते**
कर्णाली प्रदेशमा दुई सय २८ वटा क्वारेन्टाइनमा चार हजार सात सय ५३ वटा बेड रहेको छ । वैशाख १६ गते कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालयले जारी गरेको प्रतिवेदनमा हालसम्म क्वारेन्टाइनमा भएका चार हजार पाँच सय ४५ मध्ये एक हजार चार सय ६४ जना घर फर्केको र तीन हजार ८१ जना विभिन्न क्वारेन्टाइनमा रहेको उल्लेख छ । यस्तै चार सय ५७ वटा आइसोलेसनमा हाल कोहि पनि बसेका छैनन् ।

**इन्सेक सुर्खेत जिल्ला प्रतिनिधि दुर्गा थापाका अनुसार** गुर्भाकोट नगरपालिका-२ का १८ जना मजदुरहरु क्वारेन्टाइनमा नबसी सिधै घर गएका छन् । वैशाख १५ गते काठमाडौंबाट आएका उनीहरुलाई कुनै समस्या नभएको भन्दै वडा अध्यक्ष नोखबहादुर वलीले घर पठाएको मालारानी स्वास्थ्य चौकीमा कार्यरत युवराज ढकालले बताउनुभयो ।
'मजदुरहरुलाई क्वारेन्टाइनमा राख्ने सल्लाह हुदै थियो । म मास्क र सेटेटाइनर ल्याउन गएको मौकामा अध्यक्षले कसैलाई समस्या छैन भन्दै घर पठाउनु भएछ' ढकालले भन्नुभयो । आफू जिम्मेवार हुने भन्दै वडाध्यक्षले क्वारेन्टाइनमा बस्नुपर्ने व्यक्तिहरुलाई घर पठाएपछि गाउँलेहरुले विरोध गरेका छन् ।
अध्यक्ष वलीले मदुरहरुले क्वारेन्टाइनमा खान बस्नका साथै दैनिक ज्याला दिनुपर्ने माग राखेको कारण घर पठाइएको बताउनुभयो ।

**इन्सेक कालीकोट जिल्ला प्रतिनिधि कालीबहादुर मल्लका अनुसार** कोरोना भाइरसको आशंकामा एक जनाको स्वाब पिसीआर परीक्षणका लागि कर्णाली प्रदेश अस्पताल सुर्खेत पठाइएको छ । महेन्द्रनगरबाट आएका सान्नित्रिवेणी गाउँपालिका-१ का ३४ वर्षीय युवाको स्वाव परिक्षणका लागि प्रदेश अस्पतालमा पठाइएको स्वास्थ्य कार्यालय कालिकोटका सूचना अधिकारी कटक महतले बताउनु भयो ।

**इन्सेक सल्यान जिल्ला प्रतिनिधि मिना बुढाथोकीका अनुसार** शारदा नगरपालिकामा खाद्य उपलब्धता बारे अनुगमन शुरु गरिएको छ ।
सहायक प्रमुख जिल्ला अधिकारी नारायण लामिछाने, इन्सेक जिल्ला प्रतिनिधि मिना बुढाथोकी लगायतको सहभागिता रहेको समुहले खाद्य सामग्रीको प्रयाप्तता र हुन सक्ने अभावबारे जानकारी लिन नगर उपप्रमुखको नेतृत्वमा वडा नम्बर १० बाट अनुगमन शुरु गरेको छ ।
अनुगमनका क्रममा स्थानीय व्यापारीले हाल सम्म पुरानै मुल्यमा ग्राहकलाई सामान विक्रि गरेको र सामान मौजदात नभएकोले खरिद गर्नु पर्ने बताएका थिए ।

**इन्सेक हुम्ला जिल्ला प्रतिनिधि नन्द सिंहका अनुसार** विभिन्न गैर सरकारी संस्थाद्धारा सिमकोट गाउँपालिकाका सात वटै वडामा वैशाख १७ गते कोरोना विरुद्धका सामग्री हस्तान्त्रण गरिएको छ ।
मिसन ईष्ट नेपालको प्राविधिक सहयोगमा महिला कल्याण सेवा र हिमाली शिक्षा र विकास नामक गैरसरकारी संस्थाको सहकार्यमा प्रत्येक घरलाई ६ वटा नुहाउने साबुन, २ वटा लुगाधुने साबुन, एउटा साबुन राख्ने बट्टा वितरण गरिएको छ । उक्त सामग्री वैशाख १९ गतेबाट सात वटै वडाका नागरिकलाई वितरण गरिने सिमकोट गाउँपालिका अध्यक्ष पदमबहादुर लामाले बताउनु भयो ।
यस्तै नेपालगञ्ज र काठमाडौंमा रहेका हुम्लावासीको हवाई जहाजद्धारा उद्धार पहल गरिएपनि गृह मन्त्रालयको आधिकारीक परिपत्र नआएको प्रमुख जिल्ला अधिकारी विनिता भट्टराईको भनाई छ ।

यसअघि कर्णाली प्रदेश सरकारले सुर्खेतबाट उद्धार गरेका व्यक्तिहरु जिल्लामा पुगेपछि क्वारेन्टाइनको अभाव हुने देखिएको छ । हाल सुर्खेतबाट ३ सय ६७ जना हुम्लाबासीलाई सात वटा गाडीमा उद्धार गरिएको छ भने जिल्लामा दुई सय ५६ बेडको मात्र क्वारेन्टाइन छ ।
लकडाउनको कारण बजार नखुलेपछि उपभोक्ताहरु म्याद गुज्रेका सामग्री किन्न बाध्य भएका छन । दैनिक उपभोग्य सामान खरिद गर्नको लागि पाँच वटा पसलमा जाँदा सामानको म्याद गुज्रेको भेटाएको स्थानीय मधु बस्नेत शाहीले बताउनु भयो । यसैगरी बजारमा चिनी, तेल साबुन जस्ता सामानहरुको पनि अभाव भएको छ ।

**इन्सेक जुम्ला जिल्ला प्रतिनिधि मानदत्त रावलका अनुसार** लकडाउन लम्बिन थालेपछि स्थानीय तहले गरीवको पहिचान गरेर राहत वितरण गर्न थालेका छन् । एक हप्ता, एक महिना र तीन महिना खाना नपुग्ने परिवारको पहिचान गरेर राहत वितरण गर्न थालिएको हो ।
चन्दननाथ नगरपालिका-९ श्रीढुस्काका तीन सय ७० जनाले राहत पाएका छन् । उद्योग बाणिज्य संघ जुम्लाबाट १० जना, आर्ट अफ द नेपाल लिमिटेडबाट २० जना, र चन्दननाथ नगरपालिकाले ३ सय ४० जनालाई राहत उपलब्ध गराएको हो । १५ किलो चामल, एक लिटर तेल, एक किलो नुन राहत स्वरुप वितरण गरिएको वडाध्यक्ष मीनवहादुर डाँगीले जानकारी दिनुभयो । उहाँका अनुसार अतिविपन्न, अपाङ्गता भएका, असहाय, ज्येष्ठ नागरिक र बेरोजगार नागरिकलाई राहत वितरण गरिएको हो ।
यस्तै गुठिचौर गाउँपालिका-४ का ६ सय १२ घरधुरीलाई मास्क, साबुन, चामल र नुन वितरण गरिएको छ । तीन हजार दुई सय ५० थान मास्क, प्रतिघर २ वटा साबुन, २ किलो नुन र परिवार संख्याको आधारमा ७ देखि ३० किलोसम्म चामल वितरण गरिएको वडाध्यक्ष जगप्रसाद जैशीले बताउनुभयो ।
०७६ चैत १० गते देखि जुम्लामा आठ हजार नौ सय ४७ जना नागरिक भित्रिएका छन् भने क्वारेन्टाइन बेडमा पाँच सय ७६ जना व्यक्ति बसेका छन् । क्वारेन्टाइनबाट १४ दिनपछि ४ सय ११ जना व्यक्ति घर फिर्ता भएको सहायक प्रमुख जिल्ला अधिकारी ओमप्रकाश देवकोटाले बताउनुभयो । यस्तै चार सय ९५ जना होम क्वारेन्टाइनमा बसेका छन् । हालसम्म ५ सय १ जनाको कोरोना परीक्षण गरिएकोमा सवै जनाको रिपोर्ट नेगेटिभ आएको उहाँले बताउनुभयो ।
एक सय ३६ जना स्वास्थ्यकर्मी जिल्लाभर परीचालन भएका छन् । वैशाख १७ गतेसम्म लकडाउन उल्लंघन गर्ने ६ सय आठ वटा सवारी साधन कारवाहीमा परेको जिल्ला प्रशासन कार्यालय जुम्लाले जनाएको छ ।

**इन्सेक रुकुम पशिचम जिल्ला प्रतिनिधि मनिषा केसीका अनुसार** कोरोना भाइरस आशंका गरिएका बाँफीकोट गाउँपालिकाका दुवै जना व्यक्तिलाई अस्पतालले डिस्चार्ज गरेको छ । यो संगै रुकुममा आइसोलेसनमा बस्नेको संख्या सुन्य रहेको छ ।
द्रुत परीक्षणमा कोरोना पोजेटिभ देखिएपछि उनिहरुको पिसीआर परिक्षण गरिएको थियो । स्वाब परिक्षणमा रिपोर्ट नेगेटिभ आएपछि उनिहरुलाई डिस्चार्ज गरिएको चौरजहारी मिसन अस्पतालका प्रशासक डिलबहादुर गिरीले जानकारी दिनुभयो । आइसोलेसनमा हुँदा अस्पतालले राम्रो हेरचाह गरेको र अहिले परीवार एवं समुदायले सकारात्मक व्यवहार गरेको उहाँहरुको भनाई छ ।
त्यसैगरी मुसिकोट नगरपालिका-९ ले तीनसय १० परिवारलाई देउति मकैको बिउ वितरण गरेको छ । लकडाउनका कारण कृषकको मागअनुसार मकैको बीउ पाउन समस्या भएपछि वडाले उन्नत जातको बीउ वितरण गरेको हो । बीउ खरिदमा लाग्ने सम्पुर्ण खर्च वडाले नै व्यहोर्ने वडाध्यक्ष नविन वलिले जानकारी दिनुभयो ।

**इन्सेक दैलेख जिल्ला प्रतिनिधि अमर सुनारका अनुसार** लकडाउनका समयमा महत्वपूर्ण विकास योजना सञ्चालन सम्वन्धी वैशाख १७ गते जिल्ला समन्वय समितिले स्थानीय तहहरुसंग छलफल गरेको छ ।
वैठकमा योजनाका लागि आवश्यक निर्माण सामग्री ढुवानी, कामदारहरुको एकै स्थानमा खाना र बसाई व्यवस्थापन लगायतका काम सम्वन्धित स्थानीय तहले गर्ने निर्णय भएको जिल्ला समन्वय अधिकारी पदमबहादुर सापकोटाले जानकारी दिनुभयो ।
कोरोना रोकथाम कार्य प्रभावित नहुने गरी काम गर्न मध्य पहाडी राजमार्गका तीन स्थानमा सडक निर्माण कार्य लगायतका ३६ वटा योजना सञ्चालनका लागि अनुमति दिइएको प्रमुख जिल्ला अधिकारी युवराज कटेलले जानकारी दिनुभयो ।
**इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेत**